म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ११२ २०८० फागुन २८ गते सोमबार 11 March 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिबिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्काले डढैंलो निभाऔं । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिबिजन वन कार्यालय, मकवानपुर**

## अन्तरप्रदेशस्तरीय खेलकुदको मिति सऱ्यो

# चैत २५ गतेबाट बैशाख १ गतेसम्म

रोहित थापा

हेटौँडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा आउँदो चैत २ गतेदेखि ८ गतेसम्म हुन लागेको अन्तरप्रदेशस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति सरेको छ । अन्तरप्रदेशस्तरीय खेलकुद प्रतियोगिताको कार्यकारी समितिको बैठकले प्रतियोगिताको आयोजना चैत २५ गतेदेखि बैशाख १ गतेसम्म गर्ने निर्णय गरेको प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभएको छ ।

विभिन्न प्रदेशबाट खेलाडीहरु तयारी नभएकोले, राजनीतिक घटनासँग, प्रदेश, केन्द्रीय सरकारमा फेरबदलका कारण प्रतियोगिताको मिति सरेको सदस्य-सचिव भण्डारीले बताउनुभयो । आउँदो चैत १५ गते कक्षा-१० का विद्यार्थीहरुको माध्यमिक शिक्षा परीक्षा (एसईई) समेत सुरु हुने भएकोले पनि प्रतियोगिताको मिति सारिएको उहाँले बताउनुभयो ।

परीक्षाको समयमा विद्यार्थीको ध्यान पढाईमा राम्ररी जाओस्, पढाईलाई राम्ररी समय दिन पाओस् र खेलकुदको कारणले शिक्षामा असर नपरोस् भन्ने कुरालाई मध्य नजर गरेर प्रतियोगिताको समय परिवर्तन गरिएको उहाँले बताउनुभयो । धेरै कुराहरुलाई मध्यनजर गरेर अन्तरप्रदेशस्तरीय प्रतियोगिताको समय परिवर्तन गरिएको उल्लेख गर्नुहुँदै सदस्य-सचिव भण्डारीले भन्नुभयो, "पौडी प्रतियोगिताको आयोजना गर्नका लागि अहिले मौसम चिसो भएको कारणले गर्दा चितवनको स्विमिङ पुलमा केही कामहरु गर्न बाँकी छ त्यसैले पनि प्रतियोगिता आयोजनाका लागि मिति सारिएको हो ।"



अन्तरप्रदेश खेलकुद खेलकुद प्रतियोगिताअन्तर्गत बागमती प्रदेशको एथ्लेटिक्सतर्फको छनोटमा सहभागी एक खेलाडी ।

नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिताबाट बागमती प्रदेशको टिममा परेको, अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी जनाएको र विभागीय टिमबाट राजिनामा दिएको खेलाडीहरुले प्रदेश खेलकुदले पहिलो पटक आयोजना गरेको प्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाउन पाउने उहाँले बताउनुभयो । प्रदेशको मापदण्ड अनुरुप छनोट भएको, पहिलो र दोस्रो प्रदेशस्तरीय प्रतियोगितामा पदक प्राप्त गरेर छनोट भएको हुनुपर्ने बताउनुहुँदै विभिन्न संघहरुको अन्तर्राष्ट्रिय निमय बमोजिम प्रतियोगितामा सहभागिता जनाउन पाउने बताउनुभयो ।

सदस्य सचिव भण्डारीका अनुसार प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट हुने खेलाडीहरु प्रतियोगितामा सहभागी जनाउन पाउने छन् । विभिन्न ७ प्रदेशका खेलाडीहरुबीच प्रतिस्पर्धा गराउने, विभिन्न प्रदेशका खेलाडीहरुको पहिचान गर्न, खेलाडीहरुको खेल कौशलताको अभृवृद्धि गर्न र प्रदेशका खेलाडीहरुबीच भातृत्व कायम गराउन पनि अन्तरप्रदेशस्तरीय प्रतियोगिताको आयोजाना गर्न लागेको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागिता जनाउनका लागि विभिन्न प्रदेशहरुले खेलाडी छनोट गर्नेछन् । प्रतियोगितामा ९ वटा विधामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगिता अन्तर्गत महिला पुरुष भलिबल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, पौडी, ब्याडमिन्टन लगायतका खेलहरु हुनेछ ।

चितवनको गौतमबुद्ध क्रिकेट रंगशालामा हुने प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहालले गर्नुहुनेछ भने समापन हेटौँडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुनेछ । अन्तरप्रदेशस्तरीय प्रतियोगिताका लागि बक्सिङ, तेक्वान्दो, एथ्लेटिक्स लगायतको छनोट सम्पन्न भएको छ । प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट हुने खेलाडीहरुलाई एक साता बन्द प्रशिक्षण राखिने उहाँले बताउनुभयो । चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित गौतमबुद्ध क्रिकेट रंगशालामा हुने प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले गर्नुहुनेछ भने प्रतियोगिताको समापन हेटौँडामा हुनेछ । मकवानपुरमा फुटबल खेलको अकर्षण बढी भएकोले महिला फुटबल हेटौँडा-६ स्थित गौरिटार रंगशालामा हुनेछ भने पुरुष फुटबल हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ ।

प्रतियोगिता आयोजनाका लागि ६ करोड बजेट विनियोजन भएपनि करिब ११ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदकको विजेताले क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## ८ लाख नगदसहित एक नेपाली र ३ जना भारतीय पक्राउ




स्रोत नखुलेको रकमसहित पक्राउ परेकाहरु ।

समाज संवाददाता

हेटौँडाः स्रोत नखुलेको झण्डै ८ लाख रुपैयाँसहित एक नेपाली र ३ जना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । प्रहरीले आइतबार बिहान १ बजेको समयमा हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट ५ लाख ४८ हजार ९ सय भारतीय रुपैयाँ र २ लाख ५० हजार नेपाली रुपैयाँ बरामद गरेको जनाएको छ ।

बीरगन्जबाट चितवनतर्फ जाँदै गरेको बिआर ०१ एआर २९९१ नम्बरको भारतीय कारलाई सुरक्षाजाँच गर्ने क्रममा कारको सिटमुनी लुकाई छिपाई ल्याएको अवस्थामा प्रहरीले स्रोत नखुलेको पैसा बरामद गरेको जनाएको छ । स्रोत नखुलेको रकमसहित पक्राउ पर्नेमा कार चालक भारतको बिहार राज्य सीतामणि थाना ९ बस्ने ३० वर्षीय राकेश कुमार, गाडिमा सवार सोही स्थानका ३० वर्षीय चन्द्र बाबु, ३७ वर्षीय अशोक राय र सुनसरी जिल्लाको कोशी गाउँपालिका-४ बस्ने ३२ वर्षीय निजाम मिया रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले नगद, कारसहित ४ जनालाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको जनाएको छ ।

## स्व. अष्टकुमारी स्मृति टी-२० क्रिकेट

# नारायणी कलेजलाई हराउँदै म्यानेजमेन्ट फाइनलमा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट स्व. अष्टकुमारी शाक्य स्मृति टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । आइतबार हेटौँडा-४ स्थित हुप्रचौरमा भएको समूहचरणको दोस्रो खेलमा हेटौँडा-१० स्थित नारायणी कलेजलाई १५ रनले पराजित गर्दै हेटौँडा स्कूल अफ म्यानेजमेन्ट फाइनल प्रवेश गरेको हो । म्यानेजमेन्टले समूह चरणको पहिलो खेलमा हेटौँडा सिटी कलेजलाई पराजित गरेको थियो ।

टस हारेर पहिले ब्याटिङ गर्ने निम्तो पाएको म्यानेजमेन्टले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय १९ रन जोडेको थियो । म्यानेजमेन्टबाट युविन बुढाथोकीले ३९ रन बनाउन सफल भएका थिए । विशेष विक्रम थापाले ३६ र विशाल फुँयालले १९ रन बनाएका थिए । बलिङतर्फ नारायणी कलेजबाट अस्मित मण्डलले सर्वाधिक ४ विकेट लिएका थिए । एमडी आलम र अन्मोल सिंह पासवानले समान १-१ विकेट लिए ।

म्यानेजमेन्टले दिएको १ सय २० रनको लक्ष्य पछ्याएको नारायणी कलेजले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ४ रन मात्र जोड्न सफल भयो । नारायणी कलेजबाट मिथिलेश कुमार गुप्ताले ५८ रन जोडे पनि टिमलाई हार बाट बचाउन सकेनन् । उत्सव श्रेष्ठले १४ रन, सन्देश पोखरेलले १३ रन र इमरान अकमलले ९ रन जोडे । बलिङतर्फ म्यानेजमेन्टका गौरव श्रेष्ठ र कृष्ण यादवले समान २-२ विकेट लिएका थिए । म्यान अफ द म्याच नारायणी कलेजका मिथिलेश गुप्ता घोषित भए ।



फाइनल प्रवेश गरेको हेटौँडा स्कूल अफ म्यानेजमेन्टको टिम ।

यस्तै आइतबार नै भएको दोस्रो खेलमा सिमरा कलेज ३ विकेटले विजयी भएको छ । टस जितेर पहिलो ब्याटिङ गरेको चितवन जिल्लाको अरोमा कलेजले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ४ रन जोडेको थियो । अरोमा कलेजको तर्फबाट पाल्देन लामाले सर्वाधिक ४२ रन बनाएका थिए । अंकित श्रेष्ठले १८ रन मात्र जोड्न सफल भए । बलिङतर्फ सिमराबाट अजय पटेलले २ विकेट लिएका थिए । जवाफी ब्याटिङ गरेको सिमराले १६ ओभर १ बलमा ७ विकेट गुमाएर लक्ष्य भेट्टायो । सिमराबाट अजय पटेलले सर्वाधिक ४३ रन बनाएको थियो । बलिङतर्फ पाल्देन लामाले ३ विकेट लिए । यस्तै प्रशान्त महतले २ विकेट लिएका थिए । म्यान अफ द म्याच सिमरा कलेजका अजय पटेल घोषित भए ।

आज सोमबार पहिलो खेल नारायणी कलेज र हेटौँडा सिटी कलेजबीच हुनेछ । समूह चरणको अन्तिम खेलमा यी दुई टिमबीच प्रतिष्ठाको लँडाइ मात्रै हुनेछ । समूह ए को नारायणी र हेटौँडा सिटी दुबैले एक एक खेलमा हार व्यहोरेको छ भने समूहमा दुबै खेल जितेको हेटौँडा स्कूल अफ म्यानेजमेन्ट फाइनल प्रवेश गरेको छ । यस्तै आजै दोस्रो खेल नेशनल इन्फोटेक कलेज बीरगन्ज र चितवनको अरोमा कलेजबीच खेल हुनेछ । आजको दोस्रो खेलमा विजयी हुँदै इन्फोटेक कलेज फाइनल प्रवेशको अपेक्षामा रहनेछ भने अरोमाले उत्कृष्ट जित निकाल्दै फाइनल प्रवेशको सम्भावनालाई कामयै राख्ने योजनामा हुनेछ ।

जेसीआई हेटौँडाले आयोजना गरेको प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनामा मकवानपुर क्रिकेट संघले प्राविधिक सहयोग गरिरहेको छ । प्रतियोगिताको फाइनल खेल मंगलबार हुनेछ ।

## बेवारिसे अवस्थामा भेटिएकी शिशुले अभिभावक पायो

समाज संवाददाता

हेटौँडाः गत कार्तिक ३० गते साँझ हेटौँडा-४, हुप्रचौरमा भेटिएको नवजात शिशुले अभिभावक (वैकल्पिक हेरचाहकर्ता) प्राप्त गरेको छ । फागुन १४ गते हेटौँडा उपमहानगरपालिकाले मधेश प्रदेशको पर्सा जिल्लाको ठोरी गाउँपालिकाका निसन्तान दम्पत्तिलाई शिशु हस्तान्तरण गरेको छ । बेवारिसे भेटिएकी शिशुको अभिभावकत्व ग्रहण गर्न इच्छुक ६ दम्पत्ति र एक एकल महिलाको आवेदनमध्ये उपमहानगर पालिकाको कार्यविधिअनुसार ठोरी गाउँपालिकाका आकांक्षीलाई अभिभावकत्व ग्रहण गर्ने गरी शिशु हस्तान्तरण गरिएको हेटौँडा उपमहानगरपालिकाकी बाल कल्याण अधिकारी विष्णुकुमारी लामिछानेले जानकारी दिनुभएको छ ।

ठोरी गाउँपालिकासँग समेत आवश्यक समन्वय गरी शिशु हस्तान्तरण गरिएको उहाँको भनाइ छ । हालसम्म निसन्तान र भविष्यमा पनि सन्तान प्राप्त गर्न सक्ने अवस्था नभएको देखिएको, सामाजिक, आर्थिकरुपमा समेत सक्षम देखिएको दम्पत्तिलाई शिशु हस्तान्तरण गरिएको लामिछानेले स्पष्ट पार्नुभएको छ । बेवारिसे शिशु भेटिएपछि हेटौँडा उपमहानगरपालिकाले बालअधिकार संरक्षण तथा सम्वर्धनसम्बन्धी कार्यविधि-२०८० नै तयार पारेर शिशु हस्तान्तरण गरेको हो । संघीय कानुनले बेवारिसे अवस्थामा भेटिएका शिशुलाई वैकल्पिक हेरचाहकर्तालाई हस्तान्तरण गर्ने व्यवस्था गरे पनि कसलाई दिने भन्ने यकिन गर्न सक्ने अवस्था नभएपछि हेटौँडा उपमहानगरपालिकाले आफैं कार्यविधि बनाएर हस्तान्तरण गरेको हो ।

बेवारिसे अवस्थामा बरामद शिशु ३ महिना १४ दिन सेफ हाउसमा रहेकी थिइन् । कार्तिक ३० गते साँझको समयमा हेटौँडा-४, हुप्रचौरमा बेवारिसे अवस्थामा भेटिएकी शिशुको वास्तविक अभिभावक पहिचान गर्न, त्यहाँ कसले ल्याएर छाडेको भनी आवश्यक अनुसन्धान गर्न भने स्थानीय सरकार र प्रहरी प्रशासन सफल हुन सकेन ।

## राष्ट्रियसभा अध्यक्ष निर्वाचन

# कांग्रेसबाट युवराज शर्मा, माओवादीबाट नारायण दाहाल

काठमाडौंः नेपाली कांग्रेसले र ाष्ट्रियसभाको अध्यक्षमा युवराज शर्मालाई उम्मेदवार बनाउने भएको छ । आइतबार बसेको कांग्रेस संसदीय दलको कार्यसमितिको बैठकले शर्मालाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको हो । शर्माले आफूलाई अध्यक्षको उम्मेदवार बनाएको जानकारी प्राप्त भएको बताए ।

राष्ट्रियसभा अध्यक्षको निर्वाचन २९ फागुनमा हुँदैछ । नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीले राष्ट्रियसभा चुनावमा गठबन्धन गर्ने निर्णय गरेका छन् । उनीहरुबीच माओवादी केन्द्रको उम्मेदवारलाई समर्थन गर्ने सहमति छ । ७३ वर्षीय शर्मा २०७८ सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका हुन् । संघीय संसद सचिवालयको विवरण अनुसार शर्मा २०२७ सालदेखि राजनीतिमा छन् ।

२०२७ मा नेपाल विद्यार्थी संघको संस्थापक सदस्यता लिएका उनी २०२८ मा नेपाल विद्यार्थी संघको केन्द्रीय उपसभापति भएका थिए । २०३४ मा तत्कालीन निरंकुश पञ्चायती व्यवस्थाको विरोध गर्दा जेल परेका थिए । २०३३ मा नेपाली कांग्रेस बाँके जिल्लाको सचिव भएका उनी २०४५ देखि २०४९ सालसम्म बाँकेकै सभापति थिए । राष्ट्रिय सभाको अध्यक्षको उम्मेवार भएपछि उनले पार्टीले आफूलाई विश्वास गरेको प्रतिक्रिया दिए । 'फोन गरेर पार्टीले तपाईं अध्यक्षको उम्मेदवार हुनुहुन्छ भनेको छ । जित हार परिणामले देखाउँछ । पार्टीले मलाई विश्वास गऱ्यो, नेतृत्वलाई म धन्यवाद दिन चाहन्छु', शर्माले भने ।

## सम्पादकीय

# संघको छाँयामा प्रदेश

मुलुकको समुचित विकासका लागि संघीय व्यवस्थाको परिकल्पना गरिएको हो । संघीयताको विशेषता भनेको प्रादेशिक संरचना हो । एउटा निश्चित भुगोललाई रेखाङ्कन गरेर उक्त भुगोलको जनमतमा आधारित भएर सदन र सरकारको संरचनामा प्रदेश र स्थानीय सरकारको अभ्यास सुरु गरेको दोस्रो कार्यकाल भएको छ । तर, मूलतः संघ र प्रदेश सरकार फरक अवधारणा भइकन पनि संघबाट प्रदेश सरकार प्रभावित बनिरहेको छ । संघ र प्रदेशमा दलको उपस्थितिका आधारमा प्रभावित हुनु स्वभाविक जस्तो देखिए पनि जनमतलाई बेवास्ता गरी निरन्तर भइरहेको सत्तामा फेरबदलको गलत अभ्यासले जनमतको अपमानको हद नाघेर अहिले व्यवस्थामाथि नै प्रश्न उठ्न थालेको छ । प्रदेशको तुलना स्थानीय तहमा भने सत्ता फेरबदलको जोखिम शून्य प्रायः छ । यद्यपि स्थानीय तहमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरु आफू सम्वद्ध दलको स्वार्थ प्रेरित हुने भएकोले धेरथोर स्थानीय तह पनि संघकै प्रभावमा निरन्तर रहिरहेको छ ।

पछिल्लो समय संघीय सरकारमा दलबीचको गठबन्धनमा फेरबदलसँगै देशका सातै प्रदेशमा सत्ता परिवर्तनको लहर चलेको छ । सत्ता परिवर्तनको एउटा निश्चित उद्देश्य र कारण हुनुपर्दछ । यतिबेला संघीय सरकारमा गठबन्धन परिवर्तन हुनु स्वभाविक भए पनि संघीय सरकारमा भएको परिवर्तनकै आधारमा प्रदेश सरकारमा फेरबदल जायज विषय होइन । संघीय सरकारको नेतृत्व गरिरहेको पुष्पकमल दाहालले आफ्नो स्वभाविक, अस्वभाविक स्वार्थका कारण सत्ता समीकरण परिवर्तन गरिरहँदा देशका सातै प्रदेशमा सरकार परिवर्तन हुनु गैरजिम्मेवारी र जनमतको अपमान हो । यस विषयमा संघीयताका जानकार, विज्ञले पनि कुनै किसिमको प्रतिक्रिया दिइरहेका छैनन् । जुन आफैंमा आश्चर्यको विषय हो ।

मूलतः प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुले दलको संघीय स्वरुपलाई मात्रै प्रतिनिधित्व गरिरहेको देखिन्छ । संघीयताको मर्मअनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुले आआफ्नो भुगोल र मतदातालाई मनमा राखेर संघीय सत्ताबाट प्रभावित नभई आपसमा मिलेर सत्ता र सरकार सञ्चालन गर्ने आँट गर्न सक्नुपर्थ्यो । संघको स्वरुप र समीकरणमा आधारित नभई प्रादेशिक संरचना र प्रतिनिधित्वका आधारमा सरकार सञ्चालनमा फरक अभ्यास गर्न सक्दा, जनतालाई बुझेर काम गर्न सक्ने सरकार गठनमा जोड दिनुपर्ने थियो । तर, जनताको मन र मत दुबैलाई बेवास्ता गर्दै संघीय स्वरुपलाई सहयोगी बन्न खोज्नु प्रदेशको परिकल्पनाको विपरित हो ।

यतिबेला बागमती प्रदेश सरकार आफ्नो स्वरुपमा आधारित नभई संघीय सरकारमा पुष्पकमल दाहाल सरकारको अनुकुल या प्रतिकुल के नतीजा आउँछ भन्ने आधारमा आफ्नो संरचनामा सुधार या परिवर्तन गर्न खोजिरहेको देखिन्छ । संघीय सरकारमा नेपाली काँग्रेसको बहिर्गमनसँगै बागमती प्रदेशमा प्रतिनिधित्व गर्ने नेपाली काँग्रेस सम्वद्ध मन्त्रीहरुले राजिनामा दिएका छन् । तर, शालिकराम जम्कˋलले सरकारलाई पूर्णता दिनेतर्फ ध्यान दिएका छैनन् । बरु संघीय संसदमा प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्रै पछिल्लो परिवर्तनअनुसारको सत्ता समीकरणमा परिवर्तन गर्ने संकेत गरेका छन् । यसरी संघीय सरकारको काँचुलीको रंगका आधारमा प्रदेश सरकारले आफ्नो रंग बदल्ने नभई आफ्नो मुद्दा र कुटनीतिका आधारमा फरक ढंगले अघि बढ्दै जनमतको सम्मान गर्ने अवस्था रहँदा संघीयताको औचित्यलाई अझ सार्थक तुल्याउन सकिन्थ्यो कि भन्नेतर्फ दलको ध्यान जानुपर्छ । संघ र प्रदेशमा एउटै दल भए पनि दलका नेताको कार्यकुशलताका आधारमा जनमतको सम्मान हुने र जनअपेक्षा पूरा हुने अवस्था आउने थियो होला । यसले वर्तमान राज्य व्यवस्था नेपाली समाजको मौलिक र गुणात्मक राजनीतिको रुपमा लोकप्रियहुने अवस्था रहन्थ्यो होला । अन्यथा नागरिकमा बढ्दो वितृष्णा र प्रदेश सरकारप्रतिको नकारात्मक दृष्टिकोण अझ गहिरो बन्दै जाने निश्चित छ । प्रदेश सरकार आफैंमा अर्थपूर्ण नभई संघीय सरकारको छाँया मात्रै हो भन्ने पुष्टि हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : पढाई-लेखाई मध्यमकारक मान्नु पर्ला ।
- **वृष** : शिक्षादिक्षाको क्षेत्र सबल रहने समय योग ।
- **मिथुन** : विवाद र प्रतियोगितामा सरिक हुनेछ ।
- **कर्कट** : लेखाई-पढाईमा बाधा योग रहेको छ ।
- **सिंह** : आडम्बर र महत्वकांक्ष नराख्दा राम्रो ।
- **कन्या** : आत्मसन्तुष्टि र प्रसन्नता प्राप्त होला ।
- **तुला** : अध्ययन-अध्यापन मध्यमकारक रहेको छ ।
- **वृश्चिक** : पढाई-लेखाई मध्यमकारक रहने योग छ ।
- **धनु** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
- **मकर** : भूमिसम्बन्धि काममा सरिक भईने योग छ ।
- **कुम्भ** : अध्ययन-अध्यापनमा ठिकै रहने समय योग छ ।
- **मीन** धार्मिक र सामाजिक कामममा सरिक भईने छ ।

# विकासदेखि विकाससम्म





✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

विकास वा विनाश हाम्रै हातको विषय हो । अरूले हामीलाई सहयोग गरे पनि विकासको मोडेल हाम्रै हुनुपर्छ । हामीले विकासको अवधारणा लिएको सात दशक नाघिसकेको छ तर विकासभन्दा हामी विनाशतिर धकेलिएका छौँ । अर्थतन्त्रका पछिल्ला सूचकहरूले हामीलाई यसो भन्न बाध्य गराएको छ ।

आवधिक योजनामा पनि हामी चुकेका छौँ, सोह्रौं योजनाको सँघारमा आइपुग्दा अघिल्ला योजनाका लक्ष्यहरूलाई पल्टाउने फुर्सद छैन । राजनीतिक रूपान्तरणमा हामी अब्बल भए पनि आर्थिक रूपान्तरणमा हामी कमजोर छौँ । अघि भक्तपुरलाई शत्रुकिल्लाबाट बचाउन सुकुलको घेरा दिने हामी अत्याधुनिक र लोकतन्त्रका युगमा आइसकेपछि बानेश्वर, सिंहदरबारलाई डोरीको घेराले सुरक्षित गर्दै छौँ, संघीयता र गणतन्त्रको रक्षाकवच अब डोरी भएको छ । जनता भोकै पर्न थालेका छन्, विदेश जान नसक्ने पनि यहाँ ऋण र रोगग्रस्त छन्, ऋण र करको भारी यति धेरै छ, गर्भदेखि मृत्युपछि पनि कर बुझाउँदै जानुपर्छ ।

उपभोग्य सामानको भाउ सीमापारि भन्दा सीमावारि महँगो छ । सरकारले दूध आयातमा रोक लगायो अहिले, यसमा आत्मनिर्भर भनियो पहिले तीन वर्षअघि नै, तर भन्सार विभागको आँकडामा अर्बौं यस्ता सामानको आयात भइरहेको तथ्यांक बाहिर आएको छ, मूल्य पटक्कै घट्दैन बरु स्टकका सामान सडेर जाओस् । निजी डेरीहरूसँग मात्रै होइन, सरकारी डेरीसँग पनि अर्बौंको दुग्धपदार्थ स्टकमै छ । राजनीतिक रंग दिएर अर्बौं अर्बको बिजुली महसुल मिनाहाको तयारी, अर्बौं अर्बको एनसेल कर बक्यौता छ, ५५ अर्बको एमसीसी हामीलाई नै चाहिएको छ र संसारकै पानीको धनी देशमा संसारकै महँगो बिजुली छ ।

महँगो बिक्रीबाट सरकारी प्राधिकरणले १५ अर्ब, त्यो पनि ६ महिनामा खुद नाफा कमाएछ, हिउँदको सुरुमै विदेशबाट बिजुली आयात भएको छ । उद्योगधन्दामा लोडसेडिङ छ अघोषित रूपमा र महँगो आयातित डिजेलको प्रयोग भइराखेको स्वयं उद्यमीहरूको भनाइ छ । नेतृत्वको अपरिपक्वताले देशमा अनगिन्ती समस्या थपिँदै छ, विकास खर्च नहुने, चालु खर्चले धान्नै नसकिने भई छिटो बजेटको व्यवस्था गर्न, ऋण उठाउन अब प्रिबजेटको समय पनि अगाडि नै तानिएको छ ।

उस्तै भूमि हो, आज सिंगापुर कस्तो छ । उस्तै भूमि चीन हेरौं, इटली, फ्रान्स, बेलायत, अमेरिका, जर्मनी, धेरै टाढा जानु परेन; दक्षिण एसियाका मुलुक भारत, श्रीलंका, बंगलादेश पनि हामीभन्दा धेरै अगाडि छन्, विश्व अर्थ बजारमा काँधमा काँध मिलाएर अगाडि बढेका छन् । ठूलाठूला महायुद्धका बाछिटाहरूले तिनलाई नसताएको होइन । जापान हेरौं, बमका धूवाँ अहिले पनि हिरोसिमा अनि नागासाकीमा आइरहेको छ । भारत र चीनको समृद्धि हेरौं, नेपालको दुरवस्था छ । १ सय ३ वर्षको राणाकाललाई सराप्दै इतिहासको ठेली बन्यो, पछिल्ला दिनहरूमा हिजोकालाई आजकाले गाली गर्दै समय गयो ।

राणाशासनको पञ्जाबाट मुक्त भएको भनिएको पनि सात दशक बढी भयो, समस्या ज्यूँका त्यूँ छन् । उही रोग, भोक, क्रन्दन, चित्कार, नाना, खाना, छानाकै समस्या छ । प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, गणतन्त्र आखिर नाम फेरिए, काम फेरिएन । सत्ताको स्वादमा र माउनेहरू हिजोको बोनसमा रमाउँदै छन्, आमनागरिक जहाँको तहीँ मात्रै होइन धेरै बिदेसिए, टिक्नबस्नै नसकेर । भूमध्यरेखादेखि १ डिग्री उत्तरमा रहेको सिंगापुरमा आफ्नो पानीको स्रोत नै छैन, तर ऊ विश्वमा अब्बल छ, हामीकहाँ भएको पानीकै सदुपयोग छैन, न खानेपानी राम्रो न सिँचाइ नै । सानो आकारको मुलुक सिंगापुरले छिमेकी मुलुक मलेसियाबाट सन् १९६५ मा मात्रै मुक्ति पाएको हो । हामीले कहिल्यै अर्काको स्वाधीनता स्वीकार्न परेन तर व्यापारघाटा र ऋणको पहाडले थिचेको छ हामीलाई, सयौँ वर्षसम्म अर्काको अधीनमा रहेको छिमेकी मुलुक भारतले देखाएको प्रगति विश्व बजारमा लोभलाग्दो छ ।

समृद्ध राष्ट्रको रूपमा चिनिन त्यस देशको नेता गतिलो हुनुपर्छ । समृद्ध मुलुक सिंगापुरमा सन् १९५९ देखि १९९० सम्म प्रधानमन्त्री लि कुआनले सत्ता सञ्चालन गरे । उनले त्यहाँ कडाइका साथ कानुन स्थापना गराए । हामीकहाँ जस्तो धुलाम्मे सडक छैन त्यहाँ; हिलो, मैलो, फोहोर कतै छैन । गाडीको आफ्नै गति छ, सडकमा हाम्रो जस्तो ट्राफिक प्रहरीहरू देखिँदैनन्, हाम्रा प्रहरी कुन सवारीलाई कति बेला जाल हान्न पाइन्छ भनेर खुलेआम बसेका हुन्छन्, चिट काटेर नै राजस्व अधिक असुल्छन् । देश समृद्ध हुन नेता मात्रै समृद्ध भएर पुग्दैन, आमनागरिक प्रतिभाशाली, सीपयुक्त हुनुपर्छ । सीप र श्रमबिना नै बाटो छेकेर कर असुल्ने देश हो हाम्रो, संसारमै विप्रेषणको देश भनिन थालेको छ अहिले ।

बेरोजगारको दशा बढ्दै छ, जहाँ काम हुन्न त्यहाँ समाज स्खलित हुन्छ, अपराधका कर्म बढ्छन्, शान्ति-सुरक्षामै राज्यको समय व्यतीत हुन्छ, विकास प्रशासन वा क्षमताको प्रशासन कोरा कल्पना मात्रै हुन्छ र त हाम्रा प्रशासनका उच्च-उच्च व्यक्तिहरू बरन्डामा घाप तापेर हाटा गर्छन्, राजनीतिको कोपभाजनमा तिनै धेरै छन्, दक्ष जनशक्ति नै छैन हामीकहाँ, मानव संसाधन योजनाबिना कुशल र दक्ष जनशक्ति कल्पना नै गर्न सकिन्न । चीन र अमेरिकासँग सिंगापुरले आर्थिक कूटनीति कति राम्रो गरेको छ । हामीले छिमेकमा रहेका दुई शक्तिशाली र आर्थिक विकास गर्ने भारत र चीनबाट लाभ नै लिन सकेनौं ।

चीनमा माओत्सेतुङले कम्युनिस्ट क्रान्ति गरेयता सन् १९५० मा चीनको अर्थतन्त्र जापानको भन्दा ४९ प्रतिशतले ठूलो थियो । सन् १९७७ तिर देङ सियायो पिङले चीनमा खुला बजार नीति ल्याए । त्यतिबेलासम्म जापानको अर्थतन्त्र अकासियो, चीनको भन्दा ३३ प्रतिशतले ठूलो भयो । अहिले उत्पादन र निर्यातमा चीन विश्वमा एकछत्र रजाइँ गर्दै छ, विश्वकै केन्द्र बनेको छ चीन । सन् १९८० तिर चीन ३ खर्ब ५ अर्ब ३५ करोड जिडिपीसहित विश्वको सातौं मात्र ठूलो अर्थतन्त्रको मुलुक थियो । सन् १९७८ मा बजार अर्थतन्त्र सुधारपछि चीनको कत्रो प्रगति छ । सन् १९४९ देखि १९७८ सम्म चीन जनवादी गणराज्य तत्कालीन सोभियत संघको शैलीमा केन्द्र नियन्त्रित अर्थव्यवस्थामा थियो । त्यतिबेलासम्म निजी व्यापार र पुँजीबजारलाई स्थान थिएन ।

औद्योगिक साम्यवादका लागि माओले दीर्घकालीन अर्थव्यवस्था स्थापना गरे, पछि माओको निधन भयो । देङ सियाओ पिङ र पछिका नेतृत्व व्यवस्थापनले सुधार गरे । १९७८ पछि निजीकरण सुरु भयो, विदेशी लगानी पनि प्रोत्साहित बन्यो । विशेष आर्थिक क्षेत्रमा हङकङ नजिक सोजेल र अन्य सहरको छनोट भयो । पश्चिमी मुलुकका शैलीमा उद्योगहरू स्थापना हुन थाले । बिस्तारै राज्य नियन्त्रित प्रणाली हट्दै गयो । १९७८ पछिको आर्थिक उदारीकरणले आर्थिक आकार ९० प्रतिशतले बढेको छ । चीनको अर्थतन्त्रले सन् २०१० मै जापानलाई उछिन्यो । उसले बेलायत र जर्मनीलाई त सन् २००५ मै उछिनिसकेको थियो ।

हामीले उत्तरतिरको यस्तो समृद्धिको बास्नासम्म पनि लिन जानेनौं । मलेसियामा नवोदित बजार छ, लचकदार सटहीदर छ, मलेसियाको अर्थतन्त्र स्थिर आर्थिक वृद्धिमा आधारित छ, श्रम बजार सहज छ, यथेष्ट सुरक्षा प्रणाली छ, न्यून मुद्रास्फीति छ । उसको मुद्रा रिंगटले अमेरिकी डलरसँग सजिलै प्रतिस्पर्धा गर्न सक्छ । यथेष्ट अमेरिकी डलरको सञ्चितिले मलेसियालाई व्यापारमा समस्या छैन, शैक्षिक स्तर राम्रो छ । पूर्वाधार विकासले मलेसिया हङकङको तुलनामा सस्तो गन्तव्यका रूपमा चिनिन्छ, नजिक रहेको मलेसियाको राम्रो प्रभाव छिमेकी सिंगापुरलाई परेको छ, अर्को छिमेकी इन्डोनेसियालाई पनि ।

विकासको आधार सुशासन हो, भ्रष्टाचारमुक्त प्रशासनयन्त्र हो, प्रविधिमा आधारित पारदर्शी राज्य प्रणाली हो, यातायातको भरपुर विकास हो, सार्वजनिक परिवहनको कुशल व्यवस्थापन, प्रदूषणरहित वातावरण हो ।

आधुनिक, वैज्ञानिक अनि व्यावहारिक शिक्षा प्रणाली जरुरी हुन्छ । भ्रष्टाचारविरूद्ध न्यून सहिष्णुता, व्यापार-व्यवसायमा बिनाअवरोध गतिशील आर्थिक नीति, कानुनी राज्य, सशक्त सरकारी संरचना, समष्टिगत स्थिरता र बलियो आर्थिक पूर्वाधारले देश समृद्ध हुने हो । जनस्वास्थ्यमा राज्य सचेत हुनु पहिलो आवश्यकता हो । अहिले हाम्रा छिमेकी मुलुक चीन र भारत जनसंख्याको हिसाबले अग्रस्थानमा छन् । जनसंख्याको हिसाबले अमेरिका तेस्रो स्थानमा छ र लामो समयदेखि अमेरिका अर्थतन्त्रमा भने अग्रणी स्थानमा नै छ । छिमेकी मुलुक भारतको अर्थतन्त्रबाट पनि हामीले खासै फाइदा लिन सकेनौं । अब सन् २०३० अघि नै चीनले अमेरिकी अर्थतन्त्रलाई पछारी अगुवाइ गर्नेछ ।

छिमेकी मुलुक भारत पनि सन् २०५० अघि नै हालको स्थानबाट अझ प्रगति गर्नेछ । तेस्रो हुनेछ अमेरिका, चौथो हुनेछ इन्डोनेसिया । सामाजिक दिवसलाई युग परिवर्तनको संज्ञा दिने र विदेशी आइएनजिओको सम्मेलनमा डेरा सर्ने हाम्रा प्रधानमन्त्रीहरू छन् । भारत भूगोलको हिसाबले ठूलो छ । त्यस्तै जनसंख्याको हिसाबले, जिडिपी प्रतिव्यक्ति आयका हिसाबले भने धेरै तल छ । सन् १९८० सम्म भारत विश्वको तेह्रौं स्थानमा थियो अर्थतन्त्रमा । सन् १९१७ को उसको आर्थिक वृद्धिदर ६.७ प्रतिशत थियो । सन् २०१८ मा ७.३ प्रतिशत र सन् २०१९ मा ७.५ प्रतिशत । स्वाधीनतापछि उसको अर्थतन्त्रको सुरुवात कृषिबाटै भएको हो । हाल केही दशकयतादेखि निर्माण र सेवा क्षेत्रमा ऊ अगाडि छ ।

भारतीय अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान ६० प्रतिशत पुगेको छ । सेवा क्षेत्रबाटै २८ प्रतिशत रोजगारी अवसर प्राप्त छ । कृषिक्षेत्रको योगदान १७ प्रतिशतमा झरेको छ र पनि पश्चिमी मुलुकका दाँजोमा राम्रो मान्नुपर्छ र खाद्यान्न निर्यातक भएको छ ऊ । भारतको सकारात्मक पक्ष भनेको उच्च जगेर्नादर, अनुकूल जनसंख्या, मध्यमवर्गको उत्थान र सीमित आयात हो । त्यहाँ धनी पनि छन् र गरिब पनि, गरिबलाई असहज छैन । अहिले त मोदी मोडेलले भारतमा तहल्का नै मच्चाएको छ; बत्ती, पानी महसुल छुट छ ।

अमेरिका विश्वकै आर्थिक महाशक्ति राष्ट्र हो । सन् १८७१ देखि एकछत्र विश्वकै एकलौटी अग्रणी अर्थतन्त्रमा छ यो । औद्योगिक उत्पादनलगायत सेवा क्षेत्रबाट उसले कुल गार्हस्थ्य उत्पादनमा ८० प्रतिशत स्थान ओगटेको छ, औद्योगिक उत्पादन मात्र १५ प्रतिशतमा सीमित छ, यहाँ पुँजीवादी मिश्रित अर्थव्यवस्था छ । प्रचुर प्राकृतिक सम्पदा छन्, उच्च उत्पादकत्व दर छ । अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार अमेरिकाको कुल गार्हस्थ्य उत्पादन १ सय ९४ खर्ब डलर बढी छ । उसको कुल गार्हस्थ्य उत्पादनले विश्वको जिडिपीमा २४ प्रतिशत हिस्सा ओगटेको छ ।

विश्वको ठूलो अर्थतन्त्र बोकेको अमेरिकाको प्रतिव्यक्ति आयको सूचीमा ९ औं स्थानमा परेको छ । सन् २०१८ पछि उसको कुल गार्हस्थ्य उत्पादन २ सय ४ खर्ब डलर नाघेको छ, विश्वमा ठूलो आयातक मुलुक हो यो र दोस्रो ठूलो निर्यातक पनि । उसको व्यापारघाटा हुने मुलुक चीन, जापान, मेक्सिको, जर्मनी, क्यानडा हो । थोक र खुद्रा व्यापारमा अमेरिका अग्रणी छ, औद्योगिक राष्ट्रकै रूपमा पनि । म्याकडोनाल्ड र कोकाकोला उसको चर्चित कम्पनी हो । त्यति मात्रै होइन, विश्वकै तेल उत्पादनको पहिलो मुलुक हो यो र पनि ऊ दोस्रो ठूलो तेल आयातक मुलुक पनि हो । विद्युत् र परमाणु ऊर्जामा अब्बल छ अमेरिका, प्राकृतिक ग्याँस र सल्फर नुन उत्पादनमा पनि अगाडि छ । कोइला, खनिज, तामा, सिसा, म्याग्नेसियम, जिंक, टाइटेनियम पनि हो उसको उत्पादन ।

अमेरिकी अर्थतन्त्रमा कृषिको योगदान न्यून छ, तथापि मकै र भटमास भने धेरै उत्पादन गर्ने मुलुकमा चिनिन्छ यो । बेलायतले सातौँ स्थान ओगटेको छ, सेवा क्षेत्रमा अब्बल छ यो, दोस्रोमा उसको स्थान कलकारखाना हो, कृषिक्षेत्र तेस्रोमा पर्छ । खाद्यान्नका हिसाबले उसका ६० प्रतिशत जनसंख्यालाई मात्र आफ्नो उत्पादनले भ्याउने गरेको छ र कृषिले जिडिपीमा खासै योगदान गरेको छैन । २ प्रतिशतभन्दा कम जनसंख्याले मात्र कृषिक्षेत्रमा श्रम रोजगारी पाएका छन् । युरोपको फ्रान्सलाई उछिन्दै जर्मनीपछि दोस्रो ठाउँ ओगट्दै उभिएको छ बेलायत, सेवा क्षेत्रमा अत्यधिक रोजगारी छ त्यहाँ । बैंकिङ र बीमा क्षेत्रले लन्डन त ठूलो वित्तीय केन्द्र नै बनेको छ । हामी भने एक वर्षमा तीनपल्ट गठबन्धन र तेह्रपल्ट मन्त्रीमण्डल विस्तारमा छौं ।

*(स्रोतः कारोबारदैनिक)*

## माघमा एक्कासि घट्यो रेमिट्यान्स

# आन्तरिक अर्थतन्त्रको शिथिलता कायमै

काठमाडौं: चालु आर्थिक वर्ष सुरु भएपछि मासिक १ खर्ब २२ अर्बभन्दा बढी रेमिट्यान्स भित्रिरहेकोमा माघमा आएर त्यसमा ब्रेक लागेको छ। विगत ६ महिनामा उच्च रफ्तारमा बढिरहेको रेमिट्यान्स माघमा किन घट्यो भनेर नीति निर्माताहरुलाई झस्काएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार साउन-माघसम्म ८ खर्ब ३९ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ। यो तथ्यांक अनुसार मासिक १ खर्ब १९ अर्ब ८५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिरहेको छ। पुससम्म ७ खर्ब ३३ खर्ब रेमिट्यान्स आएकोमा माघमा थप १ खर्ब ६ अर्ब रेमिट्यान्स आएको छ। जुन चालु आर्थिक वर्ष (आव) को मासिक औसतभन्दा कम हो। गत आवमा मासिक औसत १ खर्ब १ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो। जुन चालु आवको भन्दा कम थियो।

नेपालमा ब्याजदर घट्को क्रममा रहेको र आयात सामान्य रुपमा बढ्ने संकेत देखिएको कारण पनि रेमिट्यान्समा केही कमी देखिएको हुनसक्ने राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन्। 'ब्याजदर घट्दा रेमिट्यान्स पठाउन प्रोत्साहन कम हुन्छ,' श्रेष्ठ भन्छन्, 'अघिल्ला महिनामा रेमिट्यान्स बढी नै आएकाले माघमा घटेको पनि हुनसक्छ।' बैंकिङ क्षेत्र जोखिममा रहेको भन्दै अफवाह फैलाउन प्रयास भएकोले त्यसको कारण पनि वैदेशिक रोजगारीमा रहेकाहरुले माघमा रेमिट्यान्स कम पठाएको हुनसक्ने श्रेष्ठ बताउँछन्।


सुनको आयात पनि घटेको भन्दै उनले रेमिट्यान्सको पैसा सुनमा लगानी भएर आएको हुनसक्ने पनि श्रेष्ठ बताउँछन्। 'औपचारिक माध्यममा सुनको आयात पनि घटेको देखिन्छ। सुनको मूल्य लगातार बढिरहेको छ। यस्तोमा रेमिट्यान्स घटेको देखिँदा सुनमा लगानी गर्दा फाइदा हुन्छ भन्ने सोच पनि हुनसक्छ,' श्रेष्ठ भन्छन्। यद्यपि, एक महिनाको तथ्यांककै आधारमा निष्कर्षमा भने पुग्न नसकिने उनले बताए।

### आन्तरिक अर्थतन्त्रको सिथिलता कायमै

मुलुकको आन्तरिक अर्थतन्त्रमा देखिएको शिथिलता भने कायमै रहेको देखिन्छ। सरकारको राजस्वमा केही सुधार देखिएको छ। तर, पूँजीगत खर्चको वृद्धिदर उत्साहजनक छैन। आयात बढ्न सकेको छैन भने निजी क्षेत्रका प्रवाह हुने कर्जा पनि खासै विस्तार भएको छैन।

गत आर्थिक वर्ष २०७९/८० को माघमा १३.०३ प्रतिशतको उच्च विन्दुमा पुगेको कर्जाको भारित औसत ब्याजदर करिब २ प्रतिशत विन्दुले घटेर ११.०८ प्रतिशतमा आइसकेको छ। कर्जाको ब्याजदर उल्लेख्य रुपमा घटेको, राष्ट्र बैंकले ल्याएको कसिलो मौद्रिक नीतिलाई क्रमश: लचिलो बनाउँदै लगेको छ। यद्यपि, आन्तरिक आर्थिक गतिविधि, विशेष गरेर वास्तविक क्षेत्रमा देखिएको समस्या सुधार नहुँदा सरकारी वित्तमा दबाब छ भने बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीसमेत प्रभावित बन्दै गएको छ।

राष्ट्र बैंकले गत साउनमा मौद्रिक नीति सार्वजनिक गर्दै गर्दा चालु आर्थिक वर्षमा मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य लिएको थियो। यस्तै कम्तीमा ७ महिनाको वस्तु तथा सेवाको आयात धान्ने पुग्ने विदेशी विनिमय सञ्चिति कायम राख्नु मौद्रिक नीतिको




लक्ष्य हुने मौद्रिक नीतिमा उल्लेख थियो। यस्तै विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार हुने प्रक्षेपणसहित मौद्रिक नीति तर्जुमा गरेको थियो।

तर, आर्थिक वर्षको ७ महिना सकिँदा ४ प्रतिशत मात्रै कर्जा विस्तार भएको छ। यसले कर्जा विस्तारको लक्ष्य प्राप्त हुने सम्भावना देखिन्न। विस्तृत मुद्राप्रदाय, मुद्रास्फीति र विदेशी विनियम सञ्चितिको अवस्था भने मौद्रिक नीतिको लक्ष्यअनुरुप नै रहेका छन्। विस्तृत मुद्राप्रदाय ७ प्रतिशतले विस्तार भएको छ भने बैंकिङ प्रणालीमा प्रशस्त लगानीयोग्य स्रोत रहेको छ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षमा मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य राखेकोमा माघ महिनाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०१ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत वर्षको माघ महिनामा यो ७.८८ प्रतिशत थियो। माघमा पेय पदार्थ समूहको मूल्यवृद्धि ६.५१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ३.८५ प्रतिशत छ।

खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्रुक ३२.११ प्रतिशत, दाल तथा गेडागुडीको ११.१५ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १०.७८ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.०६ प्रतिशत र तरकारीको ७.५८ प्रतिशतले बढेको छ। घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्रुक १२.३३ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ।

यस्तै माघमा गैर-खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्रुक १२.६१ प्रतिशत, विविध वस्तु तथा सेवाहरुको ९.१५ प्रतिशत र शिक्षाको ७.३१ प्रतिशतले बढेको छ। यातायात उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्रुक १.४१ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ।

### विदेशी मुद्रा सञ्चितिले १२.३ महिनाको आयात धान्नसक्ने

चालु आर्थिक वर्षको ७ महिनामै विदेशी विनिमय सञ्चिति २० प्रतिशतले बढेको छ। २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति माघ मसान्तमा आउँदा १९.९ प्रतिशतले वढेर १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ। आर्थिक वर्ष २०८०/८१ को सात महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.७ महिनाको वस्तु आयात र १२.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ।

### रेमिट्यान्स घटे पनि लगातार बढ्दै शोधनान्तर बचत

रेमिट्यान्समा आएको उच्च सुधारकै कारण चालु आर्थिक वर्षको सुरुवातबाट नै चालु खाता र शोधनान्तर स्थिति बचतमा छ। यस्तै विदेशी विनियम सञ्चिति लगातार रुपमा बढिरहेको छ। माघमा रेमिट्यान्स केही कम भए पनि अर्थतन्त्रका बाह्य क्षेत्र थप सबल बन्दै गएको छ। माघमा शोधनान्तर बचत बढे पनि चालु खातामा भएको वृद्धि रोकिएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। पुस मसान्तमा १ खर्ब ६१ अर्ब ६२ करोडले बचतमा रहेको चालु खाता बचत माघमा १ खर्ब ६१ अर्ब ६९ करोडले बचतमा रहेको छ।

गत आव २०७९/८० को सात महिना (माघ मसान्त) मा चालु खाता ४० अर्ब १६ करोडले घाटामा थियो। चालु खाताको बचतको वृद्धिमा रोक लागे पनि माघमा शोधनान्तर स्थितिमा थप सुधार भएर करिब ३ खर्ब बचतमा पुगेको छ। माघ मसान्तमा शोधनान्तर स्थिति २ खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको राष्ट्र बैंकले जनाएको छ। गत आवको सात महिनामा शोधनान्तर स्थिति १ खर्ब २८ अर्ब ५५ करोडले बचतमा थियो। पुस मसान्तमा २ खर्ब ७३ अर्ब ५२ करोड बचतमा रहेको शोधनान्तर स्थिति माघमा पनि थप बढेको हो।

### ब्याजदर घट्यो, कर्जा बढेन

कर्जाको ब्याजदर उच्च हुँदा व्यावसायिक वातावरण बिग्रिएको र कर्जामो माग समेत हुन नसकेको निजी क्षेत्रको गुनासो छ। तर, गत आव ब्याजदर उच्च विन्दुमा पुगेको ब्याजदर २ प्रतिशत विन्दुले तल आइसकेको छ। बैंकहरुले पछिल्लो समय राम्रो परियोजना र आवासीय घर कर्जा एकल अंकको ब्याजमा नै दिइरहेका छन्।

२०७९ माघ र फागुनमा वाणिज्य बैंकहरुको कर्जाको भारित अैंसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको थियो। चालु आवको माघ मसान्तमा आउँदा कर्जाको भारित औसत ब्याजदर घटेर ११.०८ प्रतिशतमा झरिसकेको छ। कोभिडअगाडि पनि ११.८० प्रतिशत रहेको कर्जाको भारित औसत ब्याजदर त्यसभन्दा धेरै तल झरिसक्दा समेत कजाको मागमा खासै सुधार देखिएको छैन।

निजी क्षेत्रमा पहिल्यै धेरै कर्जा गइसकेकाले अहिले कर्जाको माग नभएको राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी बताउँछन्। केही दिन अगाडि नेपाल बैंकर्स संघले आयोजना गरेको एक कार्यक्रममा उनले अहिले बैंकिङ क्षेत्रको वास्तविक अवस्था बाहिर आएको बताए। चालुपूँजी कर्जा मार्गदर्शले बैंकिङ क्षेत्र सुदृढ भएको उनको तर्क छ। *स्रोत: अनलाइनखबर।*

# बालजागृतिका विद्यार्थीको आवाज

## आमा



**प्राप्ति पौडेल**

हिन्दुहरुले पुजा गर्ने
भगवान एउटा राम्रा हुन्
संसारको सर्वश्रेष्ठ मान्छे
केवल एउटा आमा हुन्।

नौ महिना दु:खमा बसिन्
गर्भमा आफ्नो राखेर
सहन नसकिने पीडा साहिन्
प्राण आफ्नो मानेर।

कस्तो रहेछ संसार भन्दा
यी आमाले देखाईन्
खुसीको यो हो दिन भनेर
भोज भतेर गराइन्।

हात मेरो समाएर
विस्तारै हिँड्न लगाईन्
आमाले त पहिलो शब्द
आमा भन्न सिकाईन्।

नाकबाट निस्केको सिंगान
आफ्नो हातले पुछ्थिन्
मलाई केहि भए
आमा आफैं रुन्थिन्।

आमा तिमी मायालु विश्वमा
तिम्रो नाम छ आमा त
आमा नै हुन् आमा
हजुरलाई मेरो सलाम छ।

*कक्षा-४*

## राम्रो मान्छे बनौं



**उर्मीला जिम्बा**


हे भाइ-बहिनी हो
एउटा सानो कुरा सुन
सबैलाई दु:खमा सहयोग गर
भविष्यमा राम्रो मान्छे हुन

सानोलाई माया गर
ठूलालाई सम्मान र आदर
संघर्ष गरी पूरा गर रहर
घुम्न पाउँछ जीवनको शहर

गुराँसको फुलहरु ओइलिएर झर्छ
गाईको बथानहरु खोला पारी तर्छ
आमा बुबाको कुरा मान्नु पर्छ
उहाँहरुको राम्रो बानी तिमीमा नै सर्छ

*कक्षा-४*

## पानी



**आरोही खतिवडा**

पानी बिना हुँदैन जीवन
पानी हो हाम्रो जीवन
पहाडमा हाम्रा आमा, दिदि र बहिनी
पानी लिन जान्छन् पधेरीमा भनी

धेरै दु:ख-कस्ट खप्नुपर्छ
पानीका लागि भनी
थोपा-थोपा पानीबाट बन्छ समुन्द्र
त्यसैले जोगाउ हामी पानी

जलस्रोतको धनी हाम्रो देश
जोगाऔं पानीको मुहान
हामी सबै नेपाली
पानी बिना हुँदैन जीवन

पानी हो हाम्रो जीवन
पानी बिना बोटबिरुवा हुँदैन
बोटबिरुवा बिना मानिस हुँदैन।

*कक्षा-४*





**अंशु साह**
**कक्षा-५**

## बाबा



**सारिका बास्तोला**

बाबा तपाईं हाम्रो संसार
प्रेम र सम्पूर्णको उदाहरण हाम्रो आदर
आफ्नो हेरचाहमा छ हाम्रो मर्म
आशिर्वाद रहोस् बाबा तपाईं हाम्रो धर्म।

बालापनमा तपाईंले हामीलाई चलाए
जीवनको मार्गमा तपाईंलाई हामीले पायौं
शिक्षा, मार्गदर्शन र आदर तपाईंबाट
बाबा संसारको धन हो तपाईंको काख।

जीवनको सफलतामा तपाईंको हस्त
आशीर्वाद हाम्रा लागि सर्वप्रथम कस्त
बाबा तपाईं हाम्रो शिखर
तपाईंको आशीर्वादले खाँदैनौं कहिल्यै ठक्कर।

*कक्षा-४*

# माल्दिभ्सबाट हट्दैछन् भारतीय सेना

काठमाडौंः माल्दिभ्समा आएको राजनीतिक परिवर्तनको प्रभाव देखिन थालेको छ। खासगरी नयाँ सरकार बनेसँगै माल्दिभ्समा रहेका भारतीय सेना त्यहाँबाट फर्किन थालेका हुन् । यसको ठूलो भूराजनीतिक अर्थ पनि छ।

पछिल्लो आम चुनावबाट शक्तिमा आएका राष्ट्रपति मोहम्मद मोइजु चिनियाँ निकट मानिन्छन् जसले गत नोभेम्बरमा आयोजित चुनावका बेला नै भारतीय सेनालाई आफ्नो देशबाट फिर्ता गराउन भूमिका खेल्ने वाचा गरेका थिए । उनले आफ्नो सरकार बनाएको केही सातामै माल्दिभ्समा तैनाथ रहेका भारतीय सेनाले मुलुक छोड्नुपरेको हो । मोइजुले समयसीमा तोकेरै आगामी मेभित्र भारतीय सेनाले माल्दिभ्स छोडिसक्नुपर्ने म्याद दिएका थिए । त्यसै अन्तर्गत आइतबारबाट सेना फिर्तीको सुरुवात भएको बीबीसीले उल्लेख गरेको छ।

भारतले ८० सैनिक त्यहाँ तैनाथ गरेको थियो । आफुले माल्दिभ्सलाई सहयोगस्वरुप दिएका हवाइजहाज सञ्चालन र त्यहाँ उद्दारको कामका लागि सेना तैनाथ गरिएको भारतले बताउँदै आएको छ। भारतले माल्दिभ्सलाई गत वर्षमात्रै केही थान हेलिकप्टर र साना जहाज उपलब्ध गराएको थियो।

सेना हटाएर जहाज सञ्चालनका निम्ति गैरसैन्य भारतीय कर्मचारी राख्न भने दिल्ली र मालेबीच सहमति भएको छ। भारतीय पूर्व विदेश सचिव श्याम शरणले बीबीसीसँग भनेका छन्, "भारतले सहयोग स्वरुप दिएका जहाज माल्दिभ्समै हुनेछन्। तिनको मर्मत संहार र सञ्चालन गैरसैन्य भारतीय कर्मचारीहरुबाट गर्नका निम्ति दुबै पक्षबीच सहमति जुटेको छ ।" माल्दिभ्समा भारतको प्रभाव लामो समयदेखि थियो। माल्दिभ्ससँग उसले रणनीति साझेदारी गर्दै आएको थियो। माल्दिभ्समा सेना राखेर भारतले हिन्द महासागरमा निगरानी गर्थ्यो। माल्दिभ्स र भारतको सम्बन्ध केही महिना यतादेखि चिसिँदै आएको हो।



*माल्दिभ्सका राष्ट्रपति मोहम्मद मोइजु ।*

कतिपयले माल्दिभ्समा सेना हटाएर गैरसैन्य भारतीय कर्मचारी राख्न मोइजुको सहमतिलाई जायज मानेका छैनन्। मोइजु भारत विरोधी रहेका कारण दुई मुलुकको सम्बन्धमा दरार आएको हो। एशियाली शक्तिहरुले यस क्षेत्रबाट आफ्नो प्रभाव बढाउने संघर्ष गरिरहेको अवस्थामा चीनले लाभ लिन खोजेको छ। केही विश्लेषकहरुले माल्दिभ्स एशियाली शक्तिबीचको प्रतिद्वन्द्वीतामा फस्ने जोखिम बढेको बताएका छन् । चीनले माल्दिभ्सलाई पूर्वाधार र आर्थिक विकासका लागि अर्बौं डलर बराबरको ऋण दिएको छ । गत जनवरीमा बेइजिङ र माले दुबैले रणनीतिक साझेदारीलाइ अझै वृहत बनाउने सहमति पनि गरेका छन् । राष्ट्रपतिमा निर्वाचित भए लगत्तै मोइजु पहिले चीन पुगेका थिए । यसअघिका त्यहाँका नेताहरु पहिले भारत पुग्थे ।

गत सातामात्रै माल्दिभ्सले चीनसँग सैन्य सहायता सम्बन्धी सम्झौता गरेको छ । यो सम्झौताप्रति दिल्लीले मालेसँग केही चासो व्यक्त गरेको थियो । चीनको सैन्य सहायता पूर्णरुपमा निशुल्क रहेको जवाफ मालेले दिल्लीलाई दिएको छ । मोइजुले चीनबाट गैर घातक हतियार सित्तैमा लिने र माल्दिभ्सका सेनाको सीप अभिवृद्धिका लागि चिनिँया सेनाले तालिममा सहयोग समेत गर्ने बताएका छन् ।

माल्दिभ्सका राजनीतिक विश्लेषक अजिम जहैरले बीबीसीसँग भनेका छन्, "रक्षा मामिलामा चीनसँगको सम्झौता अप्रत्यासित थियो । माल्दिभ्सले चिनिया सहयोग पाउनेगरी रक्षा सम्झौता गरेको छ । चीनसँग निकट मोइजुले चिनिया लगानी बढाउनेनै थिए तर चीनसँग यो हदसम्मको सहकार्यको स्थितिमा पुग्लान् भन्ने कसैले सोचेको थिएन"

यता बेइजिङले भने माल्दिभ्ससँग दीर्घकालनी सैन्य सहकार्य नरहेको बताएको छ। 'दुइ मुलुकबीचको सामान्य सहकार्यका रुपमा यसलाई लिनुपर्छ। यदि चीनले हिन्द महासागरमा निगरानीका निम्ति विस्तृत सहकार्य गर्न चाहेको खण्डमा मात्रै माल्दिभ्ससँग केही रणनीतिक सम्झौता हुनसक्छ,' चेन्दुस्थित विश्व मामिला थिंक ट्यांकका अध्यक्ष डा लन सेङचुनले भनेका छन्। खाद्यान्न, औषधी तथा निर्माण सामग्री आयातकाल गि माल्दिभ्स अझैपनि भारतसँगै निर्भर छ। त्यसैले विगतका सरकारहरुले भारतलाई पहिलो प्राथमिकतामा राख्थे। अहिले चीनले आश्वासन दिएसँगै भारत पहिलेको नीति परिवर्तन भएको छ।

विगतमा प्रतिपक्षमा रहँदा मोइजुले भारतसँगको गठजोडबारे सरकारले प्रस्ट नपारेको आरोप लगाउँथे। अहिले उनले चिनिँया गठजोठबारे उस्तै आलोचना खेपीरहेका छन्। 'पारदर्शिताका मामिलामा मोइजु पनि विगतका सरकारभन्दा पृथक देखिएनन्। यदि थिए भने बेइजिङ जाँदा उनले गरेका सहमतिको जानकारी गराउनुपर्थ्यो,' विश्लेषक जहैरले भनेका छन्। गत महिना मात्रै मोइजु प्रशासनले चिनिँया जहाजलाई त्यहाँ बन्दरगाहमा राख्ने अनुमति दिएको थियो । दिल्लीले मालेको यस कदमप्रति असन्तुष्टि राख्दा मोइजु प्रशासनको भनाइ थियो, 'चिनिँया कर्मचारीहरुको अदला बदलीका लागि जहाज आएको हो ।'

मोइजु प्रशासनको यस भनाइप्रति दिल्ली सहमत भएन । केही तथ्यांक संकलन र त्यहाँ चिनिँया जल सेनाका गतिविधिका लागि अध्ययन गर्न जहाज रोकिएको आरोप दिल्लीले लगायो । माल्दिभ्ससँगको सम्बन्धमा दरार उत्पन्न हुँदै जाँदा भारतले माल्दिभ्स नजिकै रहेको भारतीय टापु लक्ष्यद्वीपमा जल सेनाको अड्डा राखेको छ। 'यो कुरा कुनै नौलो भने होइन। लक्ष्यद्वीपमा रणनीतिक हितका लागि जल सेनाको अड्डा राख्ने तयारी पहिले देखिनै थियो,' श्याम शरणले बीबीसीसँग भनेका छन्।

मोइजुको भारतविरोधी गतिविधिप्रति माल्दिभ्समा धेरै जना चिन्तित छन् । खाद्यान्न, औषधी र मुख्य व्यवसाय पर्यटनमा भारतसँगै निर्भर रहेकाले यसरी चुनौती दिनु जायज नहुने कतिपयको मत छ। माल्दिभ्ससँग तनाव बढ्दै गएपछि भारतीय पर्यटक नरेन्द्र मोदीले लक्ष्यद्वीपको प्रवर्द्धनका लागि नागरिकसँग आग्रह गरे। त्यसपछि भारतीयहरुले माल्दिभ्सका पर्यटकीय गन्तव्यलाई बहिष्कार गर्ने नीतिनै लिए । भारतीय पर्यटक घटेसँगै चीनले भने माल्दिभ्स लक्षित गर्दै प्राथमिकतासाथ पर्यटक पठाउन थालेको छ।

माल्दिभ्सको पर्यटन मन्त्रालयका अनुसार जनवरी र फेब्रुअरीमा त्यहाँ ४ लाख पर्यटक भित्रिएका थिए । ती मध्ये १३ प्रतिशत चिनिया थिए । भारतीय पर्यटकको संख्या भने घटेको त्यहाँको पर्यटन मन्त्रालयको तथ्यांक छ । २१ अप्रिलमा त्यहाँ संसदीय निर्वाचन हुँदैछ । त्यस निर्वाचनमा बहुमत हाँसिलका लागि मोइजु विभिन्न बयानबाजी र भारतप्रति कठोर हुने नीतिमा अघि बढिरहेको कतिपयको बुझाइ छ। *स्रोतः अनलाइनखबर ।*

# मकवानपुर डोजाङस्तरीय तेक्वान्दो प्रतियोगिता सम्पन्न



*प्रतियोगितापछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर तेक्वान्दो डोजाङको दोस्रो डोजाङस्तरीय तेक्वान्दो प्रतियोगिता सम्पन्न भएको छ। शनिबार सम्पन्न भएको प्रतियोगितामा छात्रतर्फ २८ केजी तौल समूहबाट सुविन श्रेष्ठ र छात्रातर्फ ४० केजी तौल समूहबाट स्पन्दन अधिकारी सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै ट्रफि प्राप्त गरेका छन् । सर्वोकृष्ट खेलाडीका लागि ट्रफीको प्रायोजन मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछानेले गर्नुभएको हो।

प्रतियोगितामा डोजाङ भित्रका करिब ६७ जना खेलाडीबीच प्रतिस्पर्धा भएको थियो। डोजाङका खेलाडीको क्षमता विकास गर्न, खेल कौशलको विकास गर्न, खेल खेल्ने तरिका बुझाउन, नियमित प्रशिक्षणमा सहभागी हुने खेलाडीहरुको क्षमताको पहिचान गराउन र खेलाडीबीच भातृत्व कायम गराउन गत वर्षबाट प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ । प्रतियोगितामा केरोगे विधामा २७ केजी भन्दा कम तौल समूहदेखि ५८ केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा भएको थियो ।

प्रतियोगिताको उद्घाटन डोजाङका प्रमुख निरु कुमारी मगरको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको हो ।

उद्घाटन कार्यक्रममा मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजी रत्न बज्राचार्य, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको पनि आतिथ्य रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# ५ वर्षमा साइबर अपराधका घटना ६ गुणाले वृद्धि

काठमाडौंः पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ। नेपाल प्रहरीको साइबर ब्यूरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष (आव) २०७६/७७ मा साइबर अपराधसँग सम्बन्धित दुई हजार ३०१ उजुरी आएकामा चालु आर्थिक वर्ष अर्थात् गत साउनदेखि २३ फागुनसम्म १२ हजार ७८९ उजुरी आएका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा तीन हजार ९०६, आव २०७८/७९ मा चार हजार ६८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ । प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका १६४, बालिकाका २४२, महिलाका पाँच हजार ७०३, पुरुषका छ हजार १७७ र अन्यमा ५०३ गरी जम्मा १२ हजार ७८९ निवेदन साइबर ब्यूरोमा परेको छ ।

साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गर्ने, वेबसाइट ह्याकिङलगायतका अपराधका विभिन्न स्वरुपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिए । साइबर अपराधका प्रवृत्तिमा विभिन्न किसिमका नग्न तस्वीरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधि राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गरेर प्रोफाइल पेज खोली बेइज्जत गर्ने तथा दुःख दिने, सरकारी तथा अन्य संघसंस्थाको वेभसाइट ह्याकिङ गर्ने, अनलाइन ठगी गर्नेजस्ता गतिविधि पर्दछन् । *(स्रोतः रासस)*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## सादर आमन्त्रण

मेरा पुजनीय श्रीमान् **बद्रि खड्का**को मिति २०८० साल फागुन १६ गतेका दिन स्वर्गारोहण हुँदा हामीप्रति दुख व्यक्त गरी समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको बेला सागरमा पुग्नुहुने सम्पूर्णमा १३ औं पुण्यतिथिमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।



**तपसील**
मितिः २०८० फागुन २८ गते
समयः दिनको २ बजेपछि
स्थानः हेटौंडा-१, राप्तीरोडस्थित निवास ।

भवदीय
श्रीमति संगीता खड्का




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ